Nepali नेपाली

# तपाईको बालक

# ८ हप्ताको हुनु अगाडी दर्ता गर्नुहोला!




## यो अनलाईनमा छ र निशुल्क: छ!

तपाईको बालक ८ हप्ता हुनु अगाडी नै **www.bdm.nsw.gov.au/newborn** मा हेर्नुहोला।यदि तपाईलाई कुनै समस्या छ भने, हामी यहाँहरुको सहयोगकोलागि हाजिर छौं। केवल (02) 9035 6485 मा बिहान ९ बजे र दिऊँसो ४:३० बजे सोमबार देखी शुक्रबारमा फोन गर्नुहोला अथवा यी समय बाहिर तपाईको सन्देश छाड्नुहोला।

NSW GOVERNMENT

**NSW Registry of Births Deaths & Marriages**
NSW Department of Justice

# तपाईको बालक दर्ता गर्नुहोला... यो भाग निशुल्क: हो!!



सधारणतया यसलाई
३० मिनेट जति लाग्दछ



**तपाईको आफ्नो बालक दर्ता गर्नु अत्यन्तै महत्वपूर्ण छ- यो तपाईलाई अस्पतालले  गरिदिँदैन!**

यदि तपाईले आफ्नो बालक दर्ता नगर्नु भएमा, तपाईले अविभावकिय भत्ता जस्ता Centrelink को भत्ताको निवेदन गर्न सक्नु हुन्न। अनि, यदि तपाईको बालकको जन्म दर्ता नभएमा, तपाईले उनिहरुको लागि जन्म दर्ता प्रमाण-पत्र हासिल गर्न सक्नुहुन्न। यसको मतलब तपाईको बालक विद्यालयमा वा खेलकुदमा भर्ना गर्ने राहादानी लिन सक्नुहुन्न, वा जब उनिहरु बयस्क हुन्छन् सवारी अनुमती-पत्र, नोकरी, कर दर्ता नंम्बर वा बैंङ्कमा खाता खोल्न पनि सक्नुहुन्न।

# तपाईको बालक अनलाईमा कसरी दर्ता गर्ने निम्न कदमहरु छन्।




## आमा बुबा दुबैको परिचय तयार गर्नुहोस्

अनलाईनमा जानु अगाडी, पहिला हरेक अविभावकको तिन प्रकारको परिचय पत्र हुनु पर्दछ तपाईको हरेक वर्गमा एक हुनु पर्नेछ: १. २ र ३। यदि तपाईले १ र २ वर्गको परिचय दिन असमर्थ हुनु भएमा, तपाईले कम्तिमा पनि तिन प्रकारको परिचय उपलब्ध गराउन पर्नेछ। वर्ग ३ बाट कम्तिमा दुई परिचय र एउटा वर्ग ४ बाट भए पनि हुन्छ।

**यदि तपाई संग यी कागजातहरु छैनन् भने, कृपया हामिलाई मद्दतको लागि (02) 9035 6588 मा सम्पर्क गर्नुहोला।**

### परिचयका कागजपत्रहरु

| वर्ग १ | वर्ग २ | वर्ग ३ |
|---|---|---|
| **यदि तपाई अष्ट्रेलियामा जन्मनु भएको भए**<br>• अष्ट्रेलियाको जन्म दर्ता प्रमाणपत्र<br>**अथवा अध्यागमनको स्थिती**<br>• नागरिकता<br>• न्यू जिल्याण्डको नागरिकता<br>• न्यू जिल्याण्डको जन्म दर्ता प्रमाणपत्र | • अष्ट्रेलियाको सवारी चालक अनुमती पत्र<br>• अष्ट्रेलियाको राहादानी<br>• बन्दुकको अनुमती पत्र<br>• बिदेशी राहादानी<br>• उमेर निश्चयको कार्ड | • मेडिकेयर कार्ड<br>• सेन्टरलिंङ्क वा शैन्य मामिला विभागको कार्ड<br>• सेक्युरिटी गार्ड/हुलदंङ्गा नियन्त्रण अनुमती पत्र<br>• क्षेत्रीय शिक्षा संस्थाको परिचय पत्र |

वर्ग ४ • हालको ठेगाना देखाउने हालक उर्जा खाता

हरेक कागजपत्रको फोटो वा स्क्यान गर्नुस् र उक्त तस्वीर फाईल कम्प्युटर वा मोवाईलको सजिलै संग पत्ता लगाउन सक्ने स्थानमा राख्नुहोला। अनि अर्को कुरा हरेक फाईलको कुन के फाईल हो त्यो नाम दिनुहोला। फाईल JPEG, TIFF वा PDF (हरेक फाईल अधिकतम 4MB भन्दा बढी हुनुहुन्न ) हुनु पर्दछ। कृपया निश्चय गर्नुहोस् कि तिनिहरु प्रष्ट संग पढ्न सक्ने हुनुपर्नेछ।






## निश्चय गर्नुहोस् कि तपाईले आफ्नो बालकको नाम पक्का गरेको!

यो ज्यादैनै महत्वपूर्ण छ यदि तपाईले पछी परिवर्तन गर्न परेमा, परिवर्तन गर्नकोलागि तपाईले पैसा तिर्नुपर्नेछ।




## www.bdm.nsw.gov.au/newborn - मा जानुहोला

र अनलाईन फारम भर्नुहोला। अनलाईन फारम प्रायजसो ब्राउजर संग काम गर्दछ। यदि तपाईकोमा काम नगरेमा, अर्को Google Chrome वा Safari जस्ता अर्को प्रयोग गर्नुहोला। शुरु गर्नु अगाडी के के चाहिन्छ त्यसको लागि पृष्ठ ४ को तालिका हेर्नुहोला। हामीलाई थाहा छ तपाई कति व्यस्त हुनुहुन्छ भनेर, तसर्थ तपाईले फारम एकै पल्टमा भर्नु पर्दैन – एकपल्ट पहिलो पाना भरे पछी तपाई फारम भर्न पछि आएपनि हुन्छ। केवल हामिले तपाईलाई ई-मेलमा पठाएको रिफरेन्स नंम्बर प्रयोग गर्नुहोला, र जब तपाई अलि कम ब्यस्त हुनुहुन्छ तपाईले कहाँ छाड्नु भएको हो त्यहाँबाट सुरु गर्न सक्नुहुनेछ।








## सबैकुरा ठिक छ छैन जाँच्नुहोला

तपाईको अर्को अविभावकलाई उनको विवरण ठिक छ छैन जाँच्नको लागि भन्नुहोला(सहि बाकसमा ठिक लगाएर)। दुवै अविभावकले विवरणहरु जाँच गर्नु र स्वीकृत गर्नु अत्यन्तै महत्वपूर्ण छ।






## 'submit' (पेश) बटन थिच्नुहोला

एक पटक दर्ताको भाग सकिएपछी, यदि तपाई चाहानुहुन्छ भने तपाईले त्यहिबेला जन्म दर्ता प्रमाणपत्र अडरको लागि रोज्न सक्नुहुनेछ(पछाडीको पानामा हेर्नुहोला)।

## बारम्बार सोधिने प्रश्नहरू

### के यदि मैले इन्टरनेटको पहुँच नपाएमा के हुन्छ?

केवल (02) 9035 6588 बिहान १० – दिऊँसो २ बजे सोमबार देखी शुक्रवार मा फोन गर्नुहोला र हामी कागजको फारम पठाईदिनेछौं।

### के यदि मैले ८ हप्ता सम्म पनि दर्ता गर्न नसम्झेमा के हुन्छ?

तपाईले अनलाईनमा अझै पनि दर्ता गर्न सक्नुहुनेछ तर तपाईले थप जानकारी उपलब्ध गराउनुपर्ने हुन सक्दछ।

### के यदि मलाई मेरो भाषामा मद्दत चाहिएमा के हुन्छ?

यो पर्चा **www.bdm.nsw.gov.au/newborn** मा बिभिन्न फरक फरक भाषाहरुमा उपलब्ध छन्। यदि तपाईलाई आफ्नो भाषामा मद्दत चाहिएमा केवल Translating and Interpreting Service लाई 131 450 फोन गर्नुहोला र बालकको जन्म दर्ताको लागि 13 77 88 मा फोन लगाईदिन भन्नुहोला।

# यदि तपाई चाहानुहुन्छ भने, तपाईले जन्म दर्ता प्रमाणपत्र पनि अनुरोध गर्न सक्नुहुनेछ!

(शुल्क: लाग्नेछ)




**मैले जन्म दर्ता प्रमाणपत्र कसरी अनुरोध गर्न सक्दछु?**

यो सबै उहि अनलाई प्रकृयामा छ। एकपटक तपाईको बालक दर्ता गरेपछी, तपाईले जन्म दर्ता प्रमाणपत्र पनि अनुरोध गर्न सक्नुहुनेछ, अथवा यदि चाहानुहन्छ भने पछी एउटा पनि अनुरोध गर्न सक्नुहुनेछ।

**जन्म दर्ता प्रमाण पत्र एकै पटकमा किन अनुरोध गर्नु पर्दछ?**

अहिले गर्नाले तपाईको पछी समय बचत हुनेछ।

**त्यहाँ कस्ता प्रकारका जन्म दर्ता प्रमाणपत्रहरु ऊपलब्ध छन्?**

**साधारण जन्म दर्ता प्रमाणपत्र (दाँयामा देखाईएको)** – हुलाक र अनाय खर्च समेत गरेर $५६* पर्दछ। यो तपाईको बालकको परिचय दिने आधिकारिक कागजपत्र हो।

**स्मारक प्रमाणपत्रहरु(तल हेर्नुहोस्)** – तपाईको सुन्दर बच्चाको जन्म किन एउटा राम्रो देखिने स्मारक जन्म प्रमाणपत्र द्वारा नमनाउने?

यसको थप $२५* पर्दछ र यो फ्रेम गर्नकोलागि ठिक्क छ (२७९ मि मी x ३५५ मि मी)।

तपाई अनलाईनमा जानुहुँदा तपाईलाई मनपर्ने स्मारक डिजाईनहरु रोज्न सक्नुहुनेछ। यत्ति याद राख्नुहोला कि साधारण प्रमाणपत्रको जस्तै गरेर स्मारक प्रमाणपत्रहरुको उस्तै सुरक्षाका विषेशताहरु हुँदैनन्, तसर्थ संस्थानहरुले त्यसलाई प्रमाणको रुपमा स्वीकार् गर्दैनन्। स्मारक प्रमाणपत्रहरु साधारण प्रमाणपत्र देखि अलग्गै पठाईनेछ।

** मूल्य प्रकाशनकोबेलामा सहि छ र सूचनाबिनानै कुनैपनि बेला परिवर्तन हुन सक्दछ।*

## अष्ट्रेलियन क्लासिक्स स्मारक जन्म प्रमाणपत्र

अष्ट्रेलियन क्लासिक्स श्रृंखलामा अष्ट्रेलियाको सबैभन्दा प्रतिष्ठित क्यारेक्टरहरूलाई बच्चाहरूको पुस्तक र टेलिभिजनबाट May Gibbs, Play School, Blinky Bill लगाएत र अरु थप पाईन्छ।



## एकलीगसमर्थकहुनुजन्मेको! NRLप्रिमियमस्मारकजन्मप्रमाणपत्र

दर्ताकार्यलयलेNRLप्रख्यातजन्मप्रमाणपत्रहरूकोविशेषनयाँश्रृंखलाप्रस्तुतगर्नपाएकोमागर्वगर्दछ।NSWमाजन्मेकालीगसमर्थकहरुकोलागिसबै१६क्लबडिजाइनहरूअहिलेउपलब्धछन्।



**तपाईलाई के चाहिन्छ जाँच तालिका**

- ☐ बच्चा दर्ता गर्ने व्यक्तीको ई-मेल ठेगाना
- ☐ हरेक आमाबाबुको सम्पर्क विवरणहरु
- ☐ बच्चाको पुरा नाम
- ☐ मिति, समु र बच्चाको जन्मेको स्थान
- ☐ बच्चाको जन्मेको बेलाको तौल ग्रममा
- ☐ आमा बुबा दुबैको पुरा नाम र जन्म स्थल
- ☐ आमा बुबा दुबैको उनिहरु जन्मँदाको बेलाको उनिहरुको आमाको थर
- ☐ आमा बुबा दुबैको पेशा
- ☐ आमा बुबा दुबैको गर्भ रहँदाको समयको ठेगाना
- ☐ आमा बुबा दुबैको राम्रो संग पढ्न सक्ने तिन प्रकारको परिचयको स्क्यान वा फोटो
- ☐ यदि आमा बुबा कानुनी रुपमा विवाह गरेको भए विवाहको मिति र स्थान
- ☐ यदि अन्य सम्बन्ध बाट अन्य बालबालिकाहरु छन् भने उनिहरुको विवरणहरु(जन्म स्थान, पुरा नाम र मिति)
- ☐ जानकारी दिने हरुको नाम, ठेगाना र सम्पर्क विवरणहरु(एउटा जो निवेदक हुनेछ)
- ☐ यदि जन्म दर्ता प्रमाणपत्र अनुरोध गर्ने भए क्रेडीट वा डेबिट कार्ड

NSW GOVERNMENT
NSW Registry of Births Deaths & Marriages
NSW Department of Justice

GPO Box 30, Sydney NSW 2001
टेलिफोन: 13 77 88 (Service NSW) विहान ७ बजे – बेलुकी ७ बजे, सोमबार देखी शुक्रवार